## आतिथ्य सत्कार सम्बन्धी अभिमुखीकरण

प्रदेश मन्त्रालय तथा निकायका कार्यालय सहायक तथा हुलका सवारीचालक कर्मचारीलाई दैनिक सेवा प्रवाहमा कोभिड सम्वेदनशीलता एवम् आतिथ्य सत्कार (Hospitality) सम्बन्धी एक दिने अभिमुखीकरण सम्पन्न भएको छ।

तीन चरणमा सञ्चालित यस कार्यक्रममा पहिलो र दोस्रो चरणमा २३ महिला र २१ पुरूष गरी जम्मा ४४ जना र तेस्रो चरणमा प्रदेश मन्त्रालय तथा निकायका कार्यालयमा कार्यरत २५ जना सवारी चालकहरूलाई सडक सुरक्षा र भि.आई.पि. सवारी सम्बन्धी अभिमुखीकरण प्रदान गरिएको थियो।

कोभिड महामारी रोकथाम तथा नियन्त्रणको लागि विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षाको मापदण्ड लागू गरी सेवा प्रवाह गर्नुपर्ने आवश्यक छ। यस अभिमूखीकरणले प्रदेश तहका कार्यालयबाट हुने सेवा प्रवाहमा कर्मचारी तथा सेवाग्राहीहरूलाई कोभिड महामारीबाट सुरक्षित राख्न र कोभिड नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले विशेषगरी सार्वजनिक सेवा प्रवाहमा आतिथ्यता (Hospitality), स्वास्थ्य र स्वच्छता (Health and Hygiene) र व्यवहार (Habit) जस्ता कुरालाई मध्यनजर गरेर दैनिक रूपमा व्यवहारमा उतार्न प्रोत्साहन गर्ने वातावरण तयार गर्ने उद्देश्यले यो अभिमुखिकरणको सञ्चालन गरिएको हो।

## स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण




स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिको क्षमता विकासका लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा र क्व्होलासोथार गाउँपालिका, लमजुङको संयुक्त आयोजनामा 'स्थानीय आर्थिक विकास' सम्बन्धी प्रशिक्षण सम्पन्न भएको छ।

तीन दिनसम्म सञ्चालन भएको यस प्रशिक्षण कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरू गरी ३३ जनाको सहभागीता रहेको थियो।

स्थानीय स्रोतहरूको प्रतिस्पर्धी उपयोग र तुलनात्मक लाभका आर्थिक क्रियाकलापहरूको रणनैतिक रूपमा विकास गर्न क्व्होलासोथार गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र स्थानीय आर्थिक विकासका क्षेत्रमा संलग्न व्यक्तिहरूको दक्षता अभिबृद्धि गर्ने उद्देश्यले प्रशिक्षणको आयोजना गरिएको सम्बन्धमा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले जानकारी गराउनु भएको थियो।

गाउँपालिकाका अध्यक्ष श्री प्रेम घले र उपाध्यक्ष श्री कुमारी गुरुङको उपस्थितिमा सञ्चालित उक्त प्रशिक्षणको अन्त्यमा गाउँपालिकाको स्थानीय आर्थिक विकास योजनाको मसौदा समेत तयार गरिएको थियो।

कार्यक्रममा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट निर्धारित पाठ्यक्रम, विषयबस्तु, शिक्षण विधि र सामाग्रीको प्रयोग गरी सहभागिहरूलाई फागुन २१ देखि २३ गतेसम्म प्रशिक्षण दिइएको थियो। कार्यक्रममा स्थानीय आर्थिक विकासको क्षेत्रमा अनुभवी विज्ञहरूले सहजीकरण गरेका थिए।

## वित्तीय व्यवस्थापन सम्बन्धी प्रशिक्षण

वित्तीय व्यवस्थापन सम्बन्धी तीन दिने प्रशिक्षण कार्यक्रम गत मंसिर २४, २५ र २६ गते पहिलो चरणमा र पौष १, २ र ३ गते दोश्रो गरी दुई चरणमा सम्पन्न भएको छ।

प्रशिक्षणमा गण्डकी प्रदेश अन्तर्गतका निकायहरूमा कार्यरत लेखा सम्बद्ध कूल ४२ कर्मचारीहरूको सहभागिता रहेको थियो। जसमध्ये महिला सहभागीहरू ५ जना र पुरुष सहभागीहरू ३७ जना रहेका थिए। दुवै कार्यक्रमको शुभारम्भमा प्रदेश सचिव श्री इन्दु घिमिरे, प्रतिष्ठानका कार्यकारी निर्देशक श्री ऋषिराम पाण्डे, प्रदेश लेखा नियन्त्रक श्री इन्द्रप्रसाद पौडेल लगायतले मन्तव्य राख्नु भएको थियो।

यस प्रशिक्षणबाट सहभागीहरूले शासन सञ्चालन तथा आर्थिक कार्यप्रणालीमा सुधार गर्नका लागि लेखा उत्तरदायी अधिकारी उत्प्रेरित तथा जिम्मेवार हुने, महालेखा परीक्षकको प्रतिवेदनले औल्याएका बेरुजु फछ्र्यौटका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न सक्षम हुने, साथै वित्तीय व्यवस्थापन सम्बन्धी बिभिन्न सफ्टवेयरहरू सञ्चालन गर्न सक्ने उद्देश्यीय राखिएको थियो।

नेपाल सरकारले वित्तीय व्यवस्थापनलाई सबल, आधुनिक, विश्वसनीय र प्रविधिमैत्री बनाउने काम उच्च प्राथमिकतामा राखेको छ। सोही अनुरुप गण्डकी प्रदेश सरकारका सम्पूर्ण कार्यालयहरूमा वित्तीय कारोबारलाई व्यवस्थित गर्ने, वित्तीय प्रणालीलाई आधुनिक बनाउन र सार्वजनिक वित्त व्यवस्थापनको प्रभावकारिता अभिबृध्दिका लागि लेखा उत्तरदायी अधिकारीहरूको क्षमतामा बृद्धि ल्याउनुको अतिरिक्त वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट निम्तिन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले यो प्रशिक्षण कार्यक्रमको आयोजना गरिएको थियो।

## अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र जिल्ला समन्वय समिति तनहुँको संयुक्त आयोजनामा गत फागुन १८ गते अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण सम्पन्न भएको छ।

उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका पदाधिकारीहरू र सम्बद्ध कर्मचारी, स्थानीय तहका उप-प्रमुख र उपाध्यक्षहरू, स्थानीय तहका योजना तथा अनुगमन शाखामा कार्यरत कर्मचारीहरू गरी ३५ जनाको सहभागीता रहेको थियो।

स्थानीय तहमा सञ्चालन भएका, भैरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समयसीमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविश्यमा पर्नसक्ने प्रभावका बारेमा लेखाजोखा गरी आर्थिक अनुशासन र वित्तीय पारदर्शिता कायम राख्दै बढीभन्दा बढी लागत प्रभावकारिता (Value for Money) कायम गर्नका लागि साथै सञ्चालित योजना/आयोजना कार्यक्रमहरूलाई अधिकतम नतिजामुखी (Result Oriented) बनाउने एवम् जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले यो प्रशिक्षणको आयोजना गरिएको थियो।

## आवधिक योजना तर्जुमा तथा मध्यकालिन खर्च संरचना (MTEF) सम्बन्धी अभिमूखीकरण

स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि स्थानीय तहमा आवधिक योजना तर्जुमा तथा मध्यकालिन खर्च संरचना (MTEF) सम्बन्धी दुई दिने अभिमुखिकरण कार्यक्रम माघ महिनामा तीन चरणमा सम्पन्न भएको छ।

अभिमुखीकरणमा गण्डकी प्रदेश अन्तर्गतका ४२ वटा स्थानीय तहका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र आवधिक योजना निर्माणका लागि स्थानीय तहले सम्झौता गरेका परामर्शदाताहरूलाई पहिलो चरणमा महिला ५ र पुरुष ३३ गरी कूल ३८ जना, दोस्रो चरणमा महिला ३ र पुरुष ३६ गरी कूल ३९ र तेस्रो चरणमा महिला ३ र पुरुष ३४ गरी कूल ३७ जना गरी जम्मा ११४ जनाको सहभागीता रहेको थियो।

Gandaki Province Training Academy
www.gpta.org.np academy.gandaki@gmail.com +977-61-521080

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

चौमासिक बुलेटिन वर्ष १ अङ्क २ २०७७ (मंसिर-फागुन)

## प्रतिष्ठान भवनको शिलान्यास





सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट गत फागुन १७ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको निर्माण हुन लागेको भवनको शिलान्यास भएको छ।

उक्त भवन गण्डकी प्रदेश सरकारको रु. ३३ करोड २१ लाखको लागतमा आगामी दुई बर्ष भित्र सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकास मार्फत निर्माण गरिने छ। भूँइतलासहित चार तले सो भवनमा सभा हलसहित ४६ वटा कोठा हुनेछ। साथै भवनमा बहुउद्देश्यीय बैठक कक्ष, तालिम हल, चमेनागृह, अनुसन्धान कक्ष र भवन परिसरमा पार्किङ समेत व्यवस्था हुने छ।

आधुनिक सुविधासम्पन्न सो भवन प्रतिष्ठानले सञ्चालन गर्ने तालिम, प्रशिक्षण, गोष्ठी, सेमिनार, अध्ययन, अनुसन्धान लगायतका गतिविधिहरूका लागि प्रयोग गरिने छ। साथै तालिम तथा अन्य कार्यक्रमका सहभागिहरूका लागि आवासीय भवनको रूपमा समेत प्रयोग गरिने छ।

प्रदेशस्तरको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) स्थापना गर्ने प्रदेश सरकारको योजना अनुसार यस गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई विकास गर्ने लक्ष्य अनुसार यो भवन निर्माण हुन लागेको हो।

शिलान्यास कार्यक्रममा गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय अमिक शेरचन, गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय पृथ्वी सुब्बा गुरुङ, प्रदेश सभामुख माननीय नेत्रनाथ अधिकारी लगायतको उपस्थिति रहेको थियो।

## यस अङ्कमा ...


| | |
|---|---|
| विकास साझेदारहरूसँग समन्वय र सहकार्य | २ |
| स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश तालिम | २ |
| प्राविधिक कर्मचारीका लागि तालिम | २ |
| प्रशिक्षण सामग्री (मोड्युल) निर्माण | २ |
| प्रदेशस्तरीय LISA प्रशिक्षक प्रशिक्षण | ३ |
| लैससास मूलप्रवाहिकरण सम्बन्धी अभिमुखीकरण | ३ |
| गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया भेला | ३ |
| स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण | ४ |


## तीस कार्यदिने सेवाकालीन तालिम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा मिति २०७७/०९/२२ देखि २०७७/१०/२८ सम्म ३० कार्य दिने सेवाकालिन प्रशिक्षण सम्पन्न भएको छ।

कार्यक्रमको समुद्घाटन प्रमुख अतिथि माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङज्यूबाट भएको थियो। उक्त समारोहमा विशेष अतिथिका रूपमा प्रदेश सरकारका प्रमुख सचिव विष्णुप्रसाद नेपाल, अतिथि प्रदेश सचिव रामचन्द्र ढकाल र प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले कार्यक्रमको आवश्यकता, महत्व र सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

दुई समूहमा सञ्चालन भएको उक्त तालिममा संघ, प्रदेश र स्थानीय तहबाट नायव सुब्बा र पाँचौ तहका २७ जना र खरिदार एवम् चौंथो तहका २८ जना गरी जम्मा ५५ जना कर्मचारीहरूको सहभागीता रहेको थियो।

त्यसैगरी दोस्रो ३० कार्यदिने कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन तालिम फागुन १९ गते देखि सञ्चालन भइरहेको छ।

यस तालिम कार्यक्रममा गण्डकी प्रदेशमा कार्यरत संघ, प्रदेश र स्थानीय तहका राजपत्र अनंकित प्रथम तथा द्वितीय श्रेणी र स्थानीय तहका पाचौं तथा चौंथो तहका गरी कुल ६१ जना कर्मचारीको सहभागिता रहेको छ।

गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङद्वारा पानसमा द्वीप प्रज्वलन गरी औपचारिक रूपमा शुभारम्भ भएको यस सेवाकालीन तालिमले सहायक स्तरका कर्मचारीको क्षमता विकास गरी उनीहरूको कार्यसम्पादनमा सुधार गर्दै प्रभावकारी सेवाप्रवाहमा योगदान गर्ने अपेक्षा गरिएको छ।




यस प्रशिक्षणमा कार्यालय सञ्चालन तथा व्यवस्थापन विषय सम्बन्धी विभिन्न १० वटा मोड्युल अन्तर्गत १२० वटा प्रशिक्षण सत्र रहने छन्।

# विकास साझेदारहरूसँग समन्वय र सहकार्य

प्रतिष्ठानले फोरम अफ फेडेरेशन, दि एशिया फाउण्डेसन र जाइकासँग दीर्घकालिन सहकार्य एवम् साझेदारीको लागि विभिन्न चरणमा भर्चुअल बैठक तथा छलफल गरेको छ। फोरम अफ फेडेरेशनसँगको समन्वय र सहकार्यमा "अन्तर सरकार सम्बन्ध" बारेमा प्रशिक्षण सामग्री निर्माणका लागि विभिन्न समयमा पाँचौ चरणको ToT सम्पन्न भइसकेको छ। यस्तै किसिमका कार्यक्रमहरू आपसी सहकार्यमा यस आ.व. मा आयोजना गर्ने बारेमा समझदारी भइसकेको छ।



गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई आइ.एस.ओ. प्रमाणिकरण गर्ने प्रक्रिया अन्तर्गत प्रतिष्ठानका कर्मचारीहरूलाई यही फागुन महिनाको दोस्रो हप्तामा भर्चुअल माध्यमबाट अभिमुखिकरण गरिनुका साथै प्रतिष्ठानको GAP Analysis गरी सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गरिएको छ।

## स्थानीय तहमा स्वयंसेवक परिचालन सम्बन्धी अभिमुखीकरण

विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारीका कारणले कृषि, पर्यटन, उद्योग लगायतका उत्पादन तथा सेवामूलक क्षेत्रमा नकारात्मक प्रभाव अत्याधिक परेको सन्दर्भमा कोभिडको असरलाई न्यूनीकरण गर्न विभिन्न प्राविधिक विषयका युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्ने साथै स्थानीय तहमा भएको कर्मचारी अभावलाई परिपूर्ति गर्ने उद्देश्यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अगुवाईमा कार्यविधि निर्माण गरी CTEVT को सहयोगमा स्वयंसेवकहरूको नियुक्ति गर्ने कार्य सम्पन्न भएको छ।

यसरी नियुक्त स्वयंसेवकहरूको लागि सेवा प्रवाह गर्नुपूर्व कार्यक्रमको उद्देश्य स्पष्ट पारी उनीहरूको कार्य जिम्मेवारीमा प्रभावकारिता ल्याउने उद्देश्यले एक दिने अभिमुखिकरण कार्यक्रम गत पुस १९ गते सञ्चालन गरिएको थियो।

अभिमुखीकरण कार्यक्रमको प्रमुख आतिथ्यता गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले गर्नुभएको थियो भने विशेष आतिथ्यता प्रमुख सचिव श्री विष्णुप्रसाद नेपालले गर्नुभएको थियो।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका निर्देशक श्री इन्दु घिमिरेले कार्यक्मको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । अभिमुखीकरणमा गण्डकी प्रदेशका जम्मा ४२ स्थानीय तहका लागि छनौट भएका कूल ८१ जनाको सहभागिता रहेको थियो। जसमध्ये महिला ४० जना र पुरुष ४१ जना रहेका थिए।

## स्थानीय तहका कर्मचारीका लागि सेवा प्रवेश तालिम


गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा लोकसेवा आयोगबाट गत आ.व.मा सेवा प्रवेश गरेका सहायक स्तरका कर्मचारीका लागि "कार्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी" पाँच दिने सेवा प्रवेश तालिम सातौँ चरणमा सम्पन्न भएको छ।


प्रत्यक्ष एवम् भर्चुअल माध्यमबाट सञ्चालन भएको यस प्रशिक्षण कार्यक्रममा हालसम्म १०३ महिला र १६० जना पुरुष गरी कूल २६३ जना कर्मचारीहरूको सहभागीता भएको थियो।


स्थानीय तहमा सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्कमा रही काम गर्ने प्रशासन सेवा तर्फका विशेष गरी वडा सचिवको जिम्मेवारीमा रहेका कर्मचारीलाई केन्द्रित गरिएको यस तालिममा गण्डकी प्रदेशका ११ वटै जिल्लाका स्थानीय तहबाट सहभागी भएका थिए।

नयाँ नियुक्त भई आएका सहायकस्तरका कर्मचारीलाई कार्यालय सञ्चालन र व्यवस्थापनका विषयमा अभ्यस्त गराई सेवा प्रवाहको गुणस्तर बृद्धि र कर्मचारीहरूको कार्यसम्पादनमा सुधार ल्याउने उद्देश्य अनुरुप सञ्चालित यस प्रशिक्षण सञ्चालनका लागि स्रोत व्यक्ति /प्रशिक्षकहरूको रूपमा गण्डकी प्रदेश अन्तर्गत मन्त्रालय र विभिन्न निकायमा कार्यरत अनुभवी र सम्बन्धित क्षेत्रका विषय विज्ञहरूद्वारा प्रशिक्षण सत्र सहजिकरण गरिएको थियो।

प्रशिक्षणलाई कार्यालय व्यवस्थापन, स्थानीय तह सञ्चालन र व्यवस्थापन, स्थानीय तहको आर्थिक कार्यप्रणाली, सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता र विकास व्यवस्थापन जस्ता पाँच ओटा मोड्यूलहरूमा केन्द्रित गरिएको थियो।




## प्राविधिक कर्मचारीहरूका लागि तालिम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा मादी र रुपा गाउँपालिकाको संयुक्त आयोजनामा स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरूको लागि गत मंसिर ११ गते देखि १५ गतेसम्म क्षमता विकास सम्बन्धी पाँच दिने प्रशिक्षण मादी गाउँपालिकाको याङ्जाकोटमा सम्पन्न भएको छ।

स्थानीय तहबाट सम्पादन हुने विकास निर्माण सम्बन्धी कार्यको गुणस्तर नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्राविधिकहरुको लागि आयोजना गरिएको यस प्रशिक्षणमा मादी गाउँपालिकाका १४ र रुपा गाउँपालिकाका ८ जना गरी जम्मा २२ जना प्राविधिक कर्मचारीहरूको सहभागिता रहेको थियो।

स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, आयोजना तयारीका विभिन्न चरणहरू, पूर्वाधार विकास सम्बन्धी राष्ट्रिय मापदण्ड, ड्रइङ्ग, डिजाइन, लागत इष्टिमेट निर्माण लगायतका विषयबस्तुमा केन्द्रित यस प्रशिक्षणले स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरूको क्षमता विकास गरी उनीहरूको कार्यसम्पादनमा सुधार गर्दै स्थानीय तहबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी कार्यको गुणस्तर नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

## प्रशिक्षण सामग्री निर्माण

प्रतिष्ठानले स्थानीय तहका लागि विभिन्न किसिमका प्रशिक्षण कार्यक्रमहरू विकास गर्ने कार्य भइरहेको र ती प्रशिक्षणहरूलाई व्यवस्थित, स्तरीय र एकरूपता कायम गर्नका साथै सहजकर्ताहरूलाई स्पष्ट मार्गदर्शन गर्न सहयोग पुऱ्याउने उद्देश्यले विभिन्न विषयको प्रशिक्षण मोड्युलहरू तयार गर्ने कार्य भइरहेको छ।

सार्वजनिक खरिद, स्थानीय आर्थिक विकास र स्थानीय तहको आन्तरिक राजश्व सुधार सम्बन्धी ३/३ दिने प्रशिक्षण सञ्चालन गर्न मोड्युलहरूको मस्यौदा तयार गरी त्यसमा पृष्ठपोषण दिई अन्तिम रूप दिने कार्य भइ रहेको छ । प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरूका लागि प्रशिक्षण सामग्रीहरू निर्माण गर्ने र ज्ञान व्यवस्थापनलाई प्रवर्द्धन गर्ने नीति बमोजिम यी मोड्युलहरूको निर्माण गरिदै आइरहेको छ भने प्रशिक्षण कार्यक्रम चक्रको एक अभिन्न चरणको रूपमा यी मोड्युलहरू तयार गर्ने गरिन्छ।



# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

## लैससास मूलप्रवाहिकरण सम्बन्धी अभिमुखीकरण

१११औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा फागुन २४ गते गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र कास्कीको मादी गाउँपालिकाको संयुक्त आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) मूलप्रवाहीकरण सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

जनप्रतिनिधि, कर्मचारी र स्थानीय सरोकारवाला प्रतिनिधिहरूका लागि लक्षित यस कार्यक्रमको उद्घाटन कार्यक्रम मादी गाउँपालिकाका उपाध्यक्ष विष्णुमाया आचार्य पौडेलको अध्यक्षता र गाउँपालिका अध्यक्ष बेद बहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

कूल ६० जनाको सहभागीता रहेको अभिमुखीकरण कार्यक्रमलाई ४ वटा शत्रहरूमा विभाजन गरी अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) को पृष्ठभूमि, लैससासको अवधारणा, हाम्रो सामाजिक मूल्यमान्यता र अभ्यास, लैससास सम्बन्धी संवैधानिक, कानूनी र नीतिगत व्यवस्था, लैससास मूलप्रवाहिकरणको आवश्यकता, उपाय र त्यसको लागि जनप्रतिनिधिहरूको भूमिकाको विषयमा अभिमुखीकरण गरिएको थियो भने लैससास मूलप्रवाहिकरण सम्बन्धी मादी गाउँपालिकाले हालसम्म गरेको कानून एवं नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गराइएको थियो ।

## कार्यक्षेत्रगत शर्त लेखन सम्बन्धी तालिम

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान/प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) को आयोजनामा प्रदेशका मन्त्रालय र मातहतका निर्देशनालयमा कार्यरत कर्मचारीका लागि गत पुस १७ गते कार्यक्षेत्रगत शर्त (Terms of Reference–TOR) लेखन सम्बन्धी तालिम सम्पन्न भएको छ।

मन्त्रालय र मातहतका निकायहरूबाट सम्पादन गरिने कार्यक्रम कार्यान्वयन गर्दा उपयुक्त र दक्ष संस्था तथा विज्ञ चयन गर्न नसकिएको, तोकिएको समयमा कार्य सम्पन्न नभएको, अधुरो रूपमा काम हुने गरेको, समयमा आवश्यकता अनुसारको प्रतिवेदन प्राप्त हुन नसकेको, विश्लेषण बिना नै लागत अनुमान तयार हुने गरेको जस्ता समस्याको निराकरण गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मन्त्रालय र मातहतका निकायहरूमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले यो TOR लेखन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो।

## प्रदेशस्तरीय LISA प्रशिक्षक प्रशिक्षण



मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँगको समन्वयमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा "स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी" ३ दिने प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय तहको कार्यप्रकृया र उपलब्धिको बारेमा लेखाजोखा गरी विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिनु र गाउँपालिका तथा नगरपालिकाहरूको बीचमा तुलनायोग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन गण्डकी प्रदेशमा पहिलो पटक स्थानीयतह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यान्वयनका लागि यस प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

फाल्गुन ७ देखि ९ गतेसम्म पोखरामा सञ्चालित यस प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रममा प्रशिक्षकका रूपमा मुख्य प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, कार्यक्रम समन्वय इकाई, काठमाण्डौबाट आएको प्रशिक्षक टोलीबाट सहजीकरण गरिएको थियो।

उक्त कार्यक्रममा जिल्ला समन्वय अधिकारी, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र स्थानीय तह तथा स्थानीय शासन विषयका विज्ञहरू सहित कूल ६० जनाको सहभागीता रहेको थियो।

स्थानीय तहको स्वमूल्याङ्कनको नतिजा सङ्कलन, प्रशोधन, भण्डारण र सार्वजनिकीकरणको लागि सफ्टवेयर सञ्चालनमा ल्याईएको जसका लागि स्थलगत सहजीकरणको समयमा स्वमूल्याङ्कनको नतिजा प्रविष्टि गर्ने, नतिजाको गुणस्तर परीक्षण गर्ने र स्वमूल्याङ्कनको नतिजा सार्वजनिकीकरण गर्ने साथै नतिजा र परीक्षणको आधारमा कार्यविधि तथा सफ्टवेयर परिमार्जन गर्ने विषयमा प्रशिक्षण गरिएको थियो। उक्त तीनदिने प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समापन समारोहको अध्यक्षता प्रदेश सचिव तथा प्रदेश कार्यक्रम निर्देशक इन्दु घिमिरेबाट भएको थियो।

उक्त अवसरमा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेबाट स्थानीय तहले स्वमूल्याङ्कनको नतिजा चैत महिनाभित्र आ-आफ्नो वेवसाइट र सूचनापाटीमा प्रकाशित गरी सम्बन्धित जिल्ला समन्वय समिति, प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउन सक्नेगरी स्थलगत सहजीकरण गर्न विज्ञ सहजकर्ताहरूको परिचालन र व्यवस्थापनका विषयमा समेत जानकारी गराइएको थियो।



## प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

मिति २०७७ साल माघ ४ गते संघीय तथा प्रदेश सरकारको प्रशासनिक समन्वय तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको स्वीकृत कार्यक्रम कार्यान्वयनमा सहजीकरणको उद्देश्यले गण्डकी प्रदेशस्तरीय समीक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश सरकारका प्रमुख सचिवज्यूको अध्यक्षता तथा माननीय मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूहरूको सहभागिता रहेको थियो।

यस कार्यक्रमको मुख्य उद्देश्य गण्डकी प्रदेशमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको अवस्था र कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीय सरकारहरूको अनुभव आदान प्रदान गरी कार्यक्रमहरूलाई आगामी दिनमा प्रभावकारी ढंगले अघि बढाउनका लागि आवश्यक समन्वय, सहकार्य तथा सहजीकरणका सम्भावनामा छलफल गर्दै PLGSP कार्यक्रमलाई सफल बनाउने विषयमा केन्द्रित रहेको थियो।